चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## शर्त तथा बन्देज

१) प्रचलित कानून बमोजिम दर्ता भएका फर्म वा कम्पनीले दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ. कर प्रमाणपत्रको प्रतिलिपि, आ.व ०७६।७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र वापतको दस्तुर तिरेको प्रमाण, कबोल अङ्कको ५ प्रतिशत धरौटी बराबरको प्रमाण र Power of Attorney संलग्न गरि बोलपत्र पेश गर्न सकिनेछ

२) बोलपत्र बिक्री तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोहि समयमा सोको भोलिपल्ट गरिनेछ । बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वंयम वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि कार्यालयका प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिनेछ। बोलपत्रमा लेखिएको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ। बोलपत्रदाताबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

३) स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन यस सूचनाको अभिन्न अंगको रुपमा रहनेछ। साथै लुम्बिनी प्रदेश प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ ले तोकेको मापदण्ड तथा शर्तहरु पालना गर्नु पर्ने छ ।

४) गाउँपालिकाबाट तोकिएको दररेटको अधीनमा रहि प्रति घन फिटका दरले राजश्व असुल गर्नु पर्नेछ ।बोलपत्रमा उल्लेखित न्यूनतम ठेक्का अंकमा मु.अ.कर समावेश नभएकोले उत्खनन् कर्ताले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मूल्य अभिबृद्धि कर थप गरि असुल गर्न सक्नेछ ।

५) बोलपत्र दाखिला गर्नु अगावै सम्बन्धित बोलपत्रदाताले उत्खनन् एवं घाटगद्दी गर्न तोकिएको स्थान निरिक्षण गरेर मात्र बोलपत्र दाखिला गर्नुपर्नेछ ।

६) बोलपत्र स्वीकृत भए पश्चात तोकिएको समयभित्र कवोल अंक बराबरको रकम गाउँपालिकाको नाममा रहेको नेपाल बैङ्क लिमिटेड शान्तिपुर शाखामा रहेको खातामा जम्मा गरेको सक्कलै भौचर, मु.अ.कर वापतको १३% रकम र अग्रिम आयकर वापतको १.५% को रकम जम्मा गरेको भौचरको प्रतिलिपि सहित पेश गरि ठेक्का सम्झौता गर्नुपर्नेछ । कवोल अङ्कको ५०% रकम र बांकी ५०% बराबरको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य वैंकको २०७८ श्रावण मसान्त सम्म म्याद भएको स्वीकृत बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। साथै सो ५०% रकम ०७८ साल वैशाख मसान्त भित्र दाखिला गर्नुपर्नेछ ।

७) ठेक्का कबोल गर्ने उत्खनन् कर्ताले कार्यालयले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसीदहरु गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरी

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल
प्रमुख प्रशासकीय अधि

रसिद काटेमा, प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद वा छाप वा दस्तखत प्रयोग गरेको, संकलन गर्नु पूर्व लगाईएको रेखाकंन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुने गरि उत्खनन गरेको पाईएमा कानुन वमोजिम कार्वाही हुने छ।

८) ठेक्का स्वीकृत भई सम्झौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनैपनि बन्द, हडताल जस्ता मानव सृजित कारणवाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईनेछैन ।

९) नदीजन्य पदार्थ उत्खनन गर्दा नागरिकको घर, जग्गा, कुलो, बाँध, सार्वजनिक भवनलाई क्षति हुने गरी उत्खनन गर्न पाईने छैन।।IEE प्रतिवेदनमा उल्लेख भए बमोजिमको औजार एवं उपकरण प्रयोग गर्नुको साथै गाउँपालिकाको प्राविधिक समितिको सिफारिस अनुसार तोकिएको संख्यामा यान्त्रिक उपकरण प्रयोग गर्न सकिनेछ ।

१०) तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन् गरेको पाइएमा सोको परिमाण यकिन गरी उत्खनन् कर्ताबाट दोब्बर राजश्व असुली गरिनेछ ।

११)नदीजन्य पदार्थ निकासी गर्ने चलन चल्तीका बाटो बाहेक नयां बाटो खोल्न पाईने छैन ।नदी,नाकाको बाटो मर्मतको व्यवस्था उत्खनन् कर्ता स्वयंले गर्नुपर्नेछ ।

१२) ठेक्का अवधि २०७८ जेष्ठ मसान्तसम्म मात्र रहनेछ। तोकिएको परिमाण बराबरको नदीजन्य पदार्थ उत्खनन भइसकेपछि स्वतः ठेक्का अवधि समाप्त भएको मानिनेछ। तोकिएको समयभित्र उल्लेखित परिमाण उत्खनन नभएमा पनि जेष्ठ मसान्त पछि उत्खनन गर्न पाईने छैन र कबोल गरेको रकममा छुट पाईने छैन ।

१३) ढुवानी गर्दा सडकमा धुलो नउड्ने र पानी नचुहिने गरी आवश्यक प्रवन्ध मिलाउनु पर्नेछ ।

१४) वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न पाईने छैन साथै वातावरण संरक्षण सम्बन्धि कार्यालयको प्रतिवद्धता र आदेशलाई पालना गर्नुपर्ने छ ।

१५) ठेक्का सम्झौता भएको सात दिन भित्र उत्खनन् कर्ता, स्थानीय तहका प्रतिनिधि र प्राविधिक कर्मचारी समेतको रोहवरमा संकलन गर्न सकिने स्थानको सिमांकन तथा रेखांकन गरिने र संकलन/ उत्खनन गरिने कार्यमा संलग्न सम्भावित कामदारलाई वातावरणीय सचेतना दिएपछि मात्र कार्यको सुरुवात गरिनेछ। उल्लेखित कार्य पुरा नभएसम्म उत्खनन् कर्ताले नदीमा उत्खनन गर्न पाउने छैन ।

१६) गाउँपालिकाबाट तोकिएको स्थान बाहेक नदीजन्य पदार्थ थुप्राउन (Deposit) पाईने छैन। गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्नेछ र नापजाँचको लागि चट्टा मिलाउन पर्नेछ ।

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

१७) नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी गर्दा गराउदा जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका विषय क्षेत्रगत निकायबाट हुने रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क, समन्वय, सहयोग सम्वन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय मुताविकका प्रावधानको पालना गर्नु पर्नेछ ।

१८)उत्खनन् कर्ता र कार्यालय वीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ साथै तोकिएको किस्ता रकम म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानुनी कारवाही गरिनेछ ।

१९)बोलपत्र स्वीकृत र संझौता पछि कार्यप्रारम्भ गर्नु भन्दा अगाडी उत्खनन् हुने घाट/बगर को नाम उत्खनन् गर्ने परिमाण लगायतका विषयहरु समेटिएको होडिङ्गबोर्ड सम्बन्धित बोलपत्र दाताले राख्नुपर्नेछर।

२०)यस शर्त तथा बन्देजमा उल्लेख भएकोमा यसै वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# Bid Security

Bank Guarantee

**Bank's Name, and Address of Issuing Branch or Office**
**(On Letter head of the 'A' class Commercial Bank)**

Beneficiary: ........................................... name and address of Employer...................................
Date:.............................................
Bid Security No.:.........................................................................

We have been informed that . .................................. .[*insert name of the Bidder*] (hereinafter called "the Bidder") intends to submit its bid (hereinafter called "the Bid") to you for the execution of .................................. name of Contract ..................................... under Invitation for Quotations No. ................................ ("the IFQ").

Furthermore, we understand that, according to your conditions, bids must be supported by a bid guarantee.

At the request of the Bidder, we............................................ . name of Bank. ................................hereby irrevocably undertake to pay you any sum or sums not exceeding in total an amount of. . .................................amount in figures ......................................................................... (. ..............amount in words ..........................................................................................................) upon receipt by us of your first demand in writing accompanied by a written statement stating that the Bidder is in breach of its obligation(s) under the bid conditions, because the Bidder:

(a) does not accept the correction of errors in accordance with the Instructions to Bidders (hereinafter "the ITB"); or
(b) having been notified of the acceptance of its Bid by the Employer during the period of bid validity, (i) fails or refuses to execute the Contract Agreement, or (ii) fails or refuses to furnish the performance security, in accordance with the ITB.
(c) is involved in fraud and corruption in accordance with the ITB

This guarantee will remain in force up to and including the date ............................number..............................days after the deadline for submission of Bids as such deadline is stated in the instructions to Bidders or as it may be extended by the Employer, notice of which extension(s) to the Bank is hereby waived. Any demand in respect of this guarantee should reach the Bank not letter than the above date.

This Bank guarantee shall not be withdrawn or released merely upon return of the original guarantee by the Bidder unless notified by you for the release of the guarantee.

This guarantee is subject to the Uniform Rules for Demand Guarantees, ICC Publication No. 758.

. . . Bank's seal and authorized signature(s) . . .

**Note:**
The bid security of ........................................ has been counter guaranteed by the Bank ....................on .............. ......................................................................... (Applicable for Bid Security of Foreign Banks)

# चन्द्रकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

## मूल्य विवरण (BoQ)

ठेक्का नं : आय ०२/०७६/७७

नदी र घाटको नाम : बडिगाड नदीको घाट तथा विभिन्न बगर क्षेत्र।

| क्र.सं | विवरण | न्यूनतम अंक (मु.अ.कर बाहेक) रु. | परिमाण (घ.मि.) | कबोल गरेको रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा | |
| १ | चन्द्रकोट गाउँपालिका स्थित बडिगाड नदीको विभिन्न घाट तथा बगर क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन गर्ने,घाटगध्दि गरी बिक्री गर्ने कार्य। | २३,८३,७७८.१ | १३,५०२ | | | |
| १३% मू.अ.कर रु. | | | | | | |
| जम्मा रकम रु. | | | | | | |

बोलपत्रदाताको नामः ..........................................................

बोलपत्रदाता/अधिकार प्राप्त अधिकारीको हस्ताक्षर र छापः ..........................................

बोलपत्र खोलिने स्थानः चन्द्रकोट गाउँपालिकाको कार्यालय,शान्तिपुर गुल्मी।

चन्द्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर गुल्मी
लुम्बिनी प्रदेश नेपाल

## नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रि सम्बन्धी बोलपत्र

ठेक्का नं :- आय ०२/०७७/०७८

कार्यको विवरण :- नदीजन्य पदार्थ उत्खनन गरी बिक्री गर्ने कार्य।

नदीको नाम :- वडिगाड नदी

स्थानको विवरण :- चन्द्रकोट गाउँपालिका वडा नं. ७ अन्तर्गतको सोता बगर क्षेत्र तथा वडा नं. ८ को मजुवा भुजुङ्गे बगर क्षेत्र, रामपुर क्षेत्र, पुलका मुख, तीनटा सिमल ।

जारी मिति :- २०७७ मंसीर ०७ गते।

फर्म/कम्पनीको नाम :-

चन्द्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या :

चलानी नं. :

शान्तिपुर, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

सूचना नम्बर ३६-२०७७/०७८

## नदीजन्य पदार्थ उत्खनन् बिक्रि सम्बन्धी बोलपत्र आह्वानको सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७७/०८/०७ गते)*

स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७, प्रदेश सरकार लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ तथा ढुङ्गा,गिट्टी तथा बालुवा उत्खन्न बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार वातावरणीय परिक्षण प्रतिवेदन (IEE) ले पेश गरेको प्रतिवेदन अनुसार यस गाउँपालिका वडा नं. ७ र ८ अन्तर्गत रहेको वडिगाड नदीका विभिन्न बगर क्षेत्रका निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संकलन गरी बिक्री वितरण गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रहि निम्नानुसारको न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आर्थिक वर्ष २०७७/०७८ को बाँकी अवधी (२०७८ जेठ मसान्त) सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक प्रचलित कानून बमोजिम दर्तावाला फर्म/कम्पनीहरुबाट तपशिल अनुसारको ठेक्काको बोलपत्र फारम खरिदको लागि यस गाउँपालिकामा राजश्व वापतको शुल्क रु ३,००० (फिर्ता नहुने गरी) तिरी बोलपत्र फारम खरिद गरी तपशिलमा उल्लेख भएको म्यादभित्र बोलपत्र खरिद गरी आफूले कबोल गरेको रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो आधिकारीक प्रतिनिधिद्वारा कबुल ठेक्का अंकको (मु.अ. कर समेतको ) ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस गाउँपालिकाको नेपाल बैङ्क लिमिटेड शान्तिपुर शाखामा रहेको धरौटी खाता नम्बर २३५०३००००३००००००००१ मा जम्मा गरी सोको सक्कल भौचर वा ९० (नब्बे) दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट जारी गरिएको विडवण्ड बोलपत्र साथ राखी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै शर्त तथा बन्देज सम्बन्धि विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.chandrakotmun.gov.np मा र बोलपत्र फारमसाथ संलग्न रहेको छ।

तपशिल

| क्र.सं | ठेक्का नम्बर | नदी र घाटको नाम | परिमाण (घ.मि) | न्यूनतम अंक (मु.अ.क.बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | आय ०२/२०७७/०७८ | वडिगाड नदीका विभिन्न बगर क्षेत्र | १३,५०२ | २३,८३,७७८.१ | १,१९,१८८.९१ | ३,०००/- |

क) बोलपत्र खरिद हुने अन्तिम मिति र समयः २०७७ पौष ६ गते कार्यालय समयभित्र।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०७७ पौष ७ गते दिनको १२ बजे भित्र।

ग) बोलपत्र खोलिने स्थान, मिति र समयः चन्द्रकोट गाउँपालिकाको कार्यालयमा २०७७ पौष ७ गते दिनको २ बजे।

प्रमुख प्रशासकीय अधिकृत